**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तर प्रदेशको मथुरा जिल्लाको गोवर्धन स्थित दंगहाटी मंदिरमा दर्शन अनि पूजा-अर्चना गर्नुहुनेछ।

- वित्त मंत्री निर्मला सीतारामनले हिज नयाँ दिल्लीमा **आयकर अधिनियम 2025 माथि** देशव्यापी जागरूकता अभियान **प्रारंभ 2026 को** शुरुआत गर्नुभयो।

- सरकारले सबै रिफाइनरीहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेको र पर्याप्त काचो तेलको भण्डार रहेको आश्वासन दिएको छ।

- देशको विभिन्न भागहरुमा आज ईद-उल-फित्रको त्योहार हर्षोल्लासको साथ मनाइन्दै छ।

- भारत निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचिहरुमा नाम सामेल गर्ने वा हटाउने बिषय सित सम्बन्धित अपीलहरुको सुनवाईको लागि 19 अपीलीय न्यायाधिकरणहरुको गठन गरेको छ।

**राष्ट्रपति - मथुरा**

राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तर प्रदेशको मथुरा जिल्लाको गोवर्धन स्थित दंगहाटी मंदिरमा दर्शन अनि पूजा-अर्चना गर्नुहुनेछ। दिल्ली फर्कनु भन्दा अघि उहाले पारंपरिक **गोवर्धन परिक्रमा** पनि गर्नुहुनेछ। राष्ट्रपति उत्तर प्रदेशको तीन दिवसीय भ्रमणमा हुनुहुन्छ।

**प्रारंभ-सीतारमण**

वित्त मंत्री निर्मला सीतारामनले हिज नयाँ दिल्लीमा **आयकर अधिनियम 2025 माथि** देशव्यापी जागरूकता अभियान **प्रारंभ 2026 को** शुरुआत गर्नुभयो। यो अभियान प्रिंट, रेडियो, टीवी, आउटडोर, डिजिटल अनि सोशल मीडिया अंतर्गत चल्नेछ। यसको उद्देश्य नयाँ अधिनियमको प्रमुख विशेषताहरु बारे जागरूकता बढ़ाउनु हो। यो अधिनियम आगामी महिनाको पहिलो तारीखदेखि लागू हुनेछ।यस अवसरमा वित्त मंत्रीले भन्नुभयो कि आयकर अधिनियम 2025 बाट त्रुटिहरु , विवाद अनि अनुपालन लागत कम्ति हुनेछ। उहाले जोर दिंदै भन्नुभयो - नया अधिनियम कम्ति जटिल छ अनि बुझ्नको लागि मानिसहरुलाई एक सरल ढ़ांचा प्रदान गर्दछ।

**ईद-उल-फित्र**

देशको विभिन्न भागहरुमा आज ईद-उल-फित्रको त्योहार हर्षोल्लासको साथ मनाइन्दै छ। यो त्योहार रमज़ानको महिनाको समापनको प्रतीक हो। दिल्लीमा ईदको मुख्य नमाज जामा मस्जिद, फतेहपुरी मस्जिद अनि शाही ईदगाहमा अदा गरिनेछ। यस अवसरमा सुरक्षाको व्यापक प्रबन्ध गरिएको छ। राष्ट्रपति द्रौपदी मुर्मूले ईद-उल-फित्रको अवसरमा देशवासिहरुलाई शुभकामना दिनुभएको छ। आफ्नो संदेशमा राष्ट्रपतिले भन्नुभयो - यो त्योहार आत्मसंयम, दान अनि आवश्यकतामा परेकाहरुलाई करुणाको संदेश दिंदछ। राष्ट्रपतिले यस अवसरमा देशवासिहरुसित आवश्यकतामा परेकाहरुलाई सहयोग गर्ने , समाजमा एकता अनि सद्भावलाई प्रोत्साहन दिने तथा राष्ट्रको प्रगतिमा योगदान दिन संकल्प लिने आह्वान पनि

गर्नुभएको छ।

**शिक्षा-डीप टेक शिखर सम्मेलन**

शिक्षा मंत्रालयले आज देखि मुंबईमा **भारत इनोवेट्स डीप-टेक प्री-समिट को** आयोजन गरिरहेको छ जसको उद्देश्य भारतलाई डीप टेक नवाचारको क्षेत्रमा वैश्विक शक्तिको रूपमा स्थापित गर्नु हो। केंद्रीय शिक्षा मंत्री धर्मेंद्र प्रधानले सम्मेलनको एक विशेष सत्रलाई संबोधित गर्नुहुनेछ। मंत्रालयले बताए अनुसार दुई दिवसीय शिखर सम्मेलनमा देशभरिबाट प्राप्त तीन हजार भन्दा अधिक आवेदनहरु मद्धे चुनिएको लगभग 137 डीप-टेक स्टार्टअपले भाग लिनेछन्। मंत्रालयले अझ भनेको छ कि सम्मेलनमा उन्नत कंप्यूटिंग, अंतरिक्ष, रक्षा अनि अन्य 13 महत्वपूर्ण प्रौद्योगिकी क्षेत्रहरुमा नवाचारहरुको प्रदर्शन गरिनेछ।यस कार्यक्रममा प्रधान वैज्ञानिक सलाहकार प्रोफेसर अजय कुमार सूद, वरिष्ठ सरकारी अधिकारी, शिक्षाविद अनि उद्यमी पनि उपस्थित रहनेछन्।

**पश्चिम बंगाल-एसआईआर**

भारत निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचिहरुमा नाम सामेल गर्ने वा हटाउने बिषय सित सम्बन्धित अपीलहरुको सुनवाईको लागि 19 अपीलीय न्यायाधिकरणहरुको गठन गरेको छ। यो पाइला राज्यमा विशेष गहन पुनरीक्षण-एसआईआर प्रक्रिया अन्तर्गत उठाईएको हो। निर्वाचन आयोगले भनेको छ कि यो निर्णय सर्वोच्च न्यायालयको 10 मार्च, 2026 को आदेशको अनुपालनमा अनि कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशको सिफारिशको आधारमा लिईएको हो। आयोगको अनुसार, यी न्यायाधिकरणले उत्तर 24 परगना, पूर्वी मेदिनीपुर, कूचबिहार अनि हावड़ा जस्ता जिल्लाहरुमा मतदाता सूचीमा विसंगतिहरुसित संबंधित मामलाहरुमा नामित न्यायिक अधिकारिहरुका आदेश विरुद्ध अपीलहरुको सुनवाई गर्नेछ।निर्वाचन आयोगले अझ भनेको छ कि पूरक मतदाता सूची प्रकाशित भए पछि अपीलहरु ऑनलाइन ईसीआई नेट प्लेटफॉर्मको माध्यम द्वारा वा जिला मजिस्ट्रेट, उप-विभागीय मजिस्ट्रेट वा उप-विभागीय अधिकारिहरुको कार्यालय गएर दर्ता गर्न सकिनेछ।यी अधिकारीहरुले आवेदनहरुको डिजिटलीकरण अनि अपलोडिंग पनि सुनिश्चित गर्नेछन्। आयोगले भनेको छ कि अधिसूचना तत्काल प्रभावले लागू भएको छ अनि संबंधित जिल्लाहरुमा सबै अपील्हारुको समाधान भए पछि न्यायाधिकरणहरुको अस्तित्व समाप्त हुनेछ।

**पश्चिम एसिया – ब्रीफिंग**

सरकारले सबै रिफाइनरीहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेको र पर्याप्त कच्चा तेलको भण्डार रहेको आश्वासन दिएको छ। घरेलु एलपीजी उत्पादन स्थिर रहेको छ र पर्याप्त स्टक उपलब्ध छ। पश्चिम एसियामा भएका पछिल्ला घटनाक्रमहरूको बारेमा हिज नयाँ दिल्लीमा अन्तर-मन्त्रालयीय पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले गत हप्ता उपभोक्ताहरूलाई ११,३०० टन व्यावसायिक एलपीजी आपूर्ति गरिएको बताउनु भयो। घरेलु एलपीजी उत्पादनमा ४० प्रतिशत वृद्धि भएको र खुद्रा पसलहरूमा एलपीजीको अभाव नभएको उहाँले उल्लेख गर्नु भयो।

**बाइट**

कालोबजारी र जम्मा गर्ने विरुद्ध गरिएका कारबाहीहरूको बारेमा बोल्दै उहाँले हिजो देशभर ४,५०० भन्दा बढी छापा मारिएको उल्लेख गर्नु भएको छ।

जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले पछिल्लो २४ घण्टामा कुनै पनि समुद्री घटना नभएको र सबै २२ जहाजहरू - ६११ भारतीय नाविकहरू - सुरक्षित रहेको जानकारी दिनु भएको छ।

**निर्वाचन आयोग - राजनीतिक विज्ञापन**

निर्वाचन आयोगले असम, केरलम, तमिलनाडु अनि पश्चिम बंगाल तथा पुद्दुचेरीमा आगामी विधानसभा चुनाव अनि छ राज्यहरुमा हुने उपचुनाव बीच इलेक्ट्रॉनिक अनि डिजिटल मीडियामा राजनीतिक विज्ञापनहरु विनियमित गर्ने आदेश जारी गरेको छ। आदेश अनुसार, सबै राजनीतिक दलहरु , उम्मीदवारहरु अनि व्यक्तिहरु वा संगठनहरुलाई पनि आफ्नो विज्ञापन प्रकाशित गर्न भन्दा पुर्व मीडिया प्रमाणीकरण अनि निगरानी समिति - एम.सी.एम.सी. द्वारा अनुमोदित गराउनु आवश्यक हुनेछ।

यो नियम टेलीविजन, रेडियो, सार्वजनिक प्रदर्शन स्क्रीन, ई-पेपर, एस.एम.एस., वॉइस मैसेज अनि सोशल मीडिया प्लेटफॉर्ममा प्रसारित हुने विज्ञापनहरुमा लागू हुनेछ। प्रमाणीकरणको लागि जिला एम.सी.एम.सी. मा आवेदन गर्न सकिनेछ।

## डीपीआईआईटी-बैठक

उद्योग अनि आंतरिक व्यापार संवर्धन विभागले अवसंरचना परियोजनाहरुको मूल्यांकनको लागि नयाँ दिल्लीमा नेटवर्क योजना समूहको 110 औ बैठक आयोजित गरेको छ जसमा बुनियादी ढांचा परियोजनाहरुको मूल्यांकन गरियो। बैठकमा प्रधानमंत्री गति शक्ति राष्ट्रीय मास्टर प्लान अनुरूप मल्टीमॉडल कनेक्टिविटी अनि लॉजिस्टिक दक्षता बढ़ाउने बिषय माथि विशेष ध्यान दिईएको छ।

## पश्चिम एशिया संघर्ष

अमरीका-इस्राएल गठबंधन अनि ईरान बीच पश्चिम एशिया संघर्ष तिब्र रुपमा बढिरहेको छ। प्रमुख ऊर्जा ठिकानाहरु माथि ताजा सैन्य हमला अनि जवाबी कार्यवाहीले क्षेत्रमा तनाव अझ बढेको छ जसको कारण ईद अल-फितर अनि नवरोजको उत्सव माथि पनि प्रभाव परेको छ।अमरीकी अधिकारिहरुले घोषणा गरेका छन् कि ट्रंप प्रशासनले समुद्रमा फंसेको ईरानी तेल माथि लगाईएको प्रतिबंधहरुमा एक महीनाको छूट दिनेछ ताकि बढ़दो तेल मुल्यहरुलाई नियंत्रित गर्न सकियोस्। युद्धमा अहिलेसम्म ईरानमा 13 सय भन्दा अधिक, लेबनानमा **एक हजार भन्दा** अधिक, इज़राइलमा 15 अनि 13 अमरीकी सैन्य कर्मिहरुको मृतु भैसकेको छ ,साथै लेबनान अनि ईरानमा लाखो मानिसहरु विस्थापित भएकाछन्।
कालोबजारी र जम्मा गर्ने विरुद्ध गरिएका कारबाहीहरूको बारेमा बोल्दै उहाँले हिजो देशभर ४,५०० भन्दा बढी छापा मारिएको उल्लेख गर्नु भएको छ।

## अनिवार्य घोषणा

आकाशवाणी समाचारको विशेष कार्यक्रम **'पीपल्स पद्म ऑन आकाशवाणी' को अघिल्लो संस्करणमा आज हामी** बाल रोग विशेषज्ञ, डॉ. अरमिडा फर्नांडीजसित कुराकानी गर्नेछो। चिकित्सा अनि शिशु देखभाल क्षेत्रमा उत्कृष्ट योगदानको लागि उहालाई पद्म श्री पुरस्कार द्वारा सम्मानित गरिनेछ। यो पॉडकास्ट आज बिहान 9 बजेर 10 मिनट जाँदा आकाशवाणी गोल्ड चैनलमा प्रसारित गरिनेछ। यसलाई **NEWS ON AIR ऐप** अनि **NEWSONAIROFFICIAL यूट्यूब चैनलमा पनि सुन्न सकिनेछ**।